# 多言語情報コーナー　　（令和５年１２月号）

**(१)  घरेलु फोहोर कसरी फाल्ने बारे जानकारी !**

तोचिगी शहरमा, घरपरिवारबाट निस्कने फोहोर र पुन: प्रयोग गर्न मिल्ने वस्तुहरु छुट्याएर संकलन गरिन्छ।
कृपया आफ्नो फोहोरलाई सही तरिकाले छुट्याएर, तोकिएको तरिकाले, तोकिएको दिनको बिहान ८:३० बजे सम्ममा, तोकिएको फोहोर संकलन स्टेशनमा पुर्याउनुहोस्।

एक पटकमा फ़्याँक्न सकिने फोहोरको मात्रा, १ परिवारले, ४५ लिटरको थैलामा ३ थैला सम्म हो।
फोहोर फ़्याँक्ने थैलामा, आफु बस्ने टोल बजारको नाम र आफ्नो नाम लेख्नुहोस्।
तोकिएको फोहोर फ़्याँक्ने थैला, जल्ने फोहोर, ख़ाली क्यान्/ख़ाली बोतल, पेट बोतल/खानाका ट्रे गरि तीन प्रकारका छन्।
नगर भित्रका सुपर-मार्केट तथा ड्रग स्टोरहरुमा किन्नुहोला।

तोकिएको दिन चाँहीं, गोमी (फोहोर) क्यालेन्डरमा उल्लेखित छ।
"फोहोर र श्रोत (पुन: प्रयोग गर्न मिल्ने वस्तुहरु) लाई कसरी छुट्याउने र फ़्याँक्ने" भन्ने बारेमा, अंग्रेज़ी, चीनियाँ, कोरीयाली, स्पेनिश, पोर्तुगिज र नेपाली भाषामा उपलब्ध छ र तोचिगी नगरको वेबसाइटमा फेला पार्न सकिन्छ।

यदि तपाईलाई फोहोर फाल्ने तरिका थाहा छैन भने, कृपया फोन नम्बर ०२८२-३१-२४४७ मा सफा प्रवर्द्धन विभागलाई सम्पर्क गर्नुहोस्।

फोहोर फाल्ने स्टेशनलाई सफ़ा राख्न, सही तरिकाले छुट्याउने काममा सहयोग गर्नहुन अनुरोध गरिन्छ।

**(२) प्रान्तका सबै नागरिकहरूलाई सामवेश गर्ने बर्षको अन्त्यमा ट्राफ़िक सुरक्षा अभियान बारे !**

“तोचिगीको ट्राफ़िक आनिबानी र आचरण सुधार गरौं ! तपाईं मुख्य पात्र हुनुहुन्छ” भन्ने नाराका साथ तोचिगीवासीहरुमा ट्राफ़िक सुरक्षा बारे सचेतना फ़ैलाउन र ट्राफ़िक दुर्घटनालाई राम्ररी रोक्न एक बर्षको ट्राफ़िक सुरक्षा अभियान संचालन गरिनेछ।

बर्षको अन्त्य भनेको बर्षको व्यस्त समय हो, त्यसैले ट्राफिक दुर्घटनाहरूको संख्या पनि बढ्ने गर्दछ।

फेरि पनि, ट्राफिक नियम पालना गर्न र राम्रो ट्राफिक शिष्टाचार अभ्यास गर्न तपाईंको सहयोगको लागि अनुरोध गरिन्छ ।

**(३) लाइट एण्ड साउन्ड पेजेन्ट २०२३ को बारेमा जानकारी !**

ओहिराको जाडो परम्पराको "प्याजेन्ट अफ लाइट एण्ड साउण्ड" तोउबु शिन-ओहिरा-शिता स्टेशनको पूर्व निकासबाट प्लाट्ज ओहिरासम्म, रातको आकाशलाई भव्य रोशनीले उज्यालो पार्दै यसको आयोजना गरिनेछ।

यस बर्ष, चार बर्षमा पहिलो पटक लाइटिङ समारोह आयोजना हुनेछ, र त्यहाँ ओहिरा मिनामी जुनियर हाई स्कूल ब्रास ब्यान्ड द्वारा एक प्रदर्शनी पनि हुनेछ। लाइटिङ समारोह नोभेम्बर २८ तारिकको साँझ ५:४० बजेदेखि शुरू हुनेछ, र ६ बजे बत्तीहरू बालिनेछ।
यो अवधि नोभेम्बर २८ तारिक देखि सन् २०२४ सालको जनवरी ८ तारिक सम्म हो। लाइटिङ समय साँझ ५ बजे देखि ९ बजे सम्म हो।

स्थान चाँही, तोउबु शिन-ओहिरा-शिता स्टेशनको पूर्वी निकास देखि प्लाट्ज ओहिरा ओरिपरी सम्म हो।
कृपया प्रकाश र ध्वनिको सह-अभिनय र हृदयलाई न्यानो पार्ने रोशनीको आनन्द लिनुहोस्।